# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नं.: ४१

मिति: २०७९।४।४


विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ असार २३ र २४ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

०७९/४/४

प्रकाश आचार्य
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ६

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ असार २४ गते शुक्रबार दिनको ११:०० वजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटीं | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरु:

१. बनेपा नगरपालिकाको आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम सम्बन्धमा,
२. बनेपा नगरपालिकाको न्यायिक समिति सदस्य मनोनयन सम्बन्धमा,
३. नगरपालिकाले तर्जुमा गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७८ र प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धी अध्यादेश, २०७८ का प्रावधान सम्बन्धमा,
४. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समिक्षा गरियो ।

२. बनेपा नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि कुल रु. १,५५,२४,८४,१६०।- आय व्यय भएको बजेट तथा कार्यक्रम सहितको विनियोजन विधेयक, २०७९ स्वीकृतिका लागि आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिकाको न्यायिक समितिको सदस्यमा देहाय बमोजिमका नगर सभाका सदस्यलाई मनोनित गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।
   क) वडा सदस्य श्री कल्पना दमाई, बनेपा ६
   ख) वडा सदस्य श्री राजु प्रसाद श्रेष्ठ, बनेपा १३

४. बनेपा नगरपालिकाको नगर सभाको नवौं अधिवेशनबाट मिति २०७८।१०।२७ मा स्वीकृत भई मिति २०७८।११।५ मा स्थानीय राजपत्रमा प्रकाशन भएको बनेपा नगरपालिकाको स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०७८ को दफा ३० ले गरेको बढुवा सम्बन्धी विशेष व्यवस्था सम्बन्धी कानूनी प्रावधानको अधिनमा रही बनेपा नगरपालिका, नगर कार्यपालकाको मिति २०७८।१२।९ को बैठकबाट निर्णय भई बनेपा नगरपालिकामा साविक दखि कार्यरत रहेका तथा स्थानीय तहबाट समायोजन भई आएका जम्मा २२ जना कर्मचारीहरुलाई साविकको पदबाट एक तह माथिको पदमा बढुवा गरी कार्यान्वय भइरहेकोमा मिति २०७८।१२।२४ को प्रदेश राजपत्रमा प्रकाशित बागमती प्रदेशबाट जारी भएको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश,२०७८ को दफा ९ र ३० ले गरेको तह वृद्धि सम्बन्धी व्यवस्था अन्तर्गत स्थानीय सेवामा रहेका कर्मचारीहरुको तह वृद्धि हुने कानूनी व्यवस्था गरिएको तर उक्त अध्यादेशमा पाँचौ तह, सातौं तह र नवौं तहबाट मात्र एक तह स्तर वृद्धि हुन सक्ने अवस्था रहेकाले देहाय बमोजिम गर्ने निर्णय गरियो ।
   क) प्रदेश बाट जारी भएको अध्यादेश जारी हुनुभन्दा अगाडी नगरपालिकाबाट तर्जुमा भएको ऐन बमोजिम बढुवा गरिएका कर्मचारीहरु मध्ये प्रदेश अध्यादेशको दफा ९(२) बमोजिम स्वतः तह वृद्धि हुने र दफा ३० बमोजिम तह वृद्ध हुन सक्ने तहमा रहेका कर्मचारी र अन्य सम्भावित कर्मचारीका हकमा सोही अध्यादेश बमोजिम तह वृद्धिको प्रक्रिया अगाडी बढाउने,
   ख) प्रदेश अध्यादेशले तह वृद्धि हुन सक्ने नदेखिएका तर नगरपालिकाले तर्जुमा गरेको ऐन बमोजिम बढुवा भएका कर्मचारीका हकमा उक्त ऐन बमोजिम भएको बढुवा सम्बन्धी कार्वाहीका सम्बन्धमा आवश्यक परामर्शका लागि प्रदेश लोकसेवा आयोगमा लेखी पठाउने,
   ग) प्रदेश अध्यादेश बमोजिम स्तरवृद्धि हुन सक्ने तर नगरपालिकाबाट जारी भएको ऐन बमोजिम नै बढुवा भई हाल प्रदेश अध्यादेश बमाजिम तह वृद्धिको प्रक्रियामा सहभागी भई तह वृद्धि हुने कर्मचारीहरुले प्रदेश अध्यादेश बमोजिमको तह वृद्धिको निर्णय भई नियुक्ति पत्र प्राप्त नभएसम्म र सहमती माग गरिने कर्मचारीहरुका हकमा सहमती प्राप्त नभए सम्मका लागि साविकमा भएको बढुवा बमोजिम खाईपाई आएको सुविधालाई यथावत कार्यान्वियन गर्ने ।
   घ) प्रदेशबाट जारी भएको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश,२०७८ बमोजिम तह वृद्धि हुन सक्ने कर्मचारीहरुको तह वृद्धका लागि आवश्यक प्रक्रिया अगाडि बढाई नियुक्ती र पदस्थापन गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने ।

५. बनेपा नगरपालिका लागि पेश भएको बनेपा नगरपालिकाको लैङ्गिक सम्बेदनशील आचार संहिता, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

६. बनेपा नगरपालिका मातहतमा एक थान पनि एम्बुलेन्स र सब बाहन नरहेका कारण नगरबासीमा एम्बुलेन्स/सब बाहन सेवा प्राप्त गर्न कठिनाई भएकाले अनुदानमा एम्बुलेन्स/सब बाहन प्राप्तिका लागि विभिन्न संस्था/निकायमा अनुरोध गर्ने र प्राप्त भएका एम्बुलेन्स सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

७. काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना सुचारु गरी बनेपामा पानी आपूर्ति हुने वातावरण मिलाउन

बैठक संख्या : ५

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ असार २३ गते बिहिबार दिनको २:०० वजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

**-:: उपस्थिति ::-**

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरु:

१. बनेपा नगरपालिकाको आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम सम्बन्धमा,
२. बनेपा नगरपालिकाको न्यायिक समिति सदस्य मनोनयन सम्बन्धमा,
३. नगरपालिकाले तर्जुमा गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७८ र प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धी अध्यादेश, २०७८ का प्रावधान सम्बन्धमा,
४. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समिक्षा गरियो ।
२. अनुदानको रासायनिक मल वितरण निर्देशिका, २०७७ बमोजिम गठित स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७९।३।२२ मा बसेको बैठकबाट सिफारिस भए बमोजिमका थप चार वटा सहकारी संस्थालाई निर्देशिका बमोजिम अनुदानको रासायनिक मल वितरण प्रयोजनका लागि सूचिकरण गर्ने निर्णय गरियो ।
३. बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०७९।३।१६ को बैठकबाट भएको सिफारिस समेतका आधारमा यस नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा बसपार्क र बनभोज स्थल देहायबमोजिम न्युनतम अंक कायम गरी स्वीकृत दररेटको अधिनमा रही सञ्चालन गर्ने, गर्न पाउने शर्त सहित ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्कामा लगाइने क्षेत्र | वार्षिक न्युनतम कबोल अंक | ठेक्का अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | ब्लक क: सामुदायिक भवनको भुइतला, बनेपा ८ | ११,००,०००। | चार वर्ष | दुई वर्षपछि स्वतह १० प्रतिशत बहाल बृद्धि हुने र पानी बिजुलीको महसुल समेत तिर्नुबुझाउनु पर्ने । |
| २ | ब्ल ख: पुरानो सपिङ्ग कम्प्लेक्स पूर्व र पश्चिम तर्फको शौचालय र ती शौचालयसँगै जोडिएका एक एक वटा काउण्टर (सटर) बाहेकको भवन र भऱ्याङ्ग मुनीको भाग समेत, बनेपा ८ | ४,४१,४१५। | | |
| ३ | ब्ल ग: नयाँ सपिङ्ग भवन ए(पूर्व तर्फ) को शौचालय बाहेकको भवनका सबै सटर तथा भऱ्याङ्गमुनीको भाग समेत, बनेपा ८ | ३,२४,९४७। | | |
| ४ | ब्लक घ: नयाँ सपिङ्ग कम्प्लेक्स भवन बि (पश्चितर्फ) को १ कोठा बाहेक बाँकी सबै सटर/कोठाहरु र भऱ्याङ्गमुनीको भाग समेत, बनेपा ८ | १,७४,१६६। | | |
| ५ | ब्लक ङ: साविकको ६ नं. वडा कार्यालय भवनको पूर्व तर्फको सटर, बनेपा ८ | १६,५००। | | |
| ६ | ब्लक च: बसपार्क भित्रको ग्यारेज | ३५,९७०। | | |
| ७ | चण्डेश्वरी मन्दिर परिसरमा रहेको बनभोज स्थल (उद्यान) र सोही स्थानमा रहेको बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य, बनेपा ५ | ५,००,०००। | एक वर्ष | |
| ८ | बनेपा बसपार्क पार्किङ्ग शुल्क र निषेधित क्षेत्र बाहेक बसपार्क क्षेत्रभित्रमात्रको बहाल बिटौरी असुली, बनेपा ८ | ४,००,०००। | एक वर्ष | |

४. मिति २०७९।३।२४ गते दिनको ११:०० बजे नगर कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।